www.xtrapapers.com

M12/1/A1NEP/HP1/NEP/TZ0/XX

22120205

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – HIGHER LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU SUPÉRIEUR – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL SUPERIOR – PRUEBA 1**

Thursday 10 May 2012 (morning)
Jeudi 10 mai 2012 (matin)
Jueves 10 de mayo de 2012 (mañana)

2 hours / 2 heures / 2 horas

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only.
- The maximum mark for this examination paper is *[25 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages.
- Le nombre maximum de points pour cette épreuve d'examen est *[25 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento.
- La puntuación máxima para esta prueba de examen es *[25 puntos]*.


© International Baccalaureate Organization 2012

www.xtrapapers.com



*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.

अहिले पनि पोहोर जस्तै शिशिर अस्तायो । यो पालि पनि वसन्त झुल्कँदा नझुल्कँदै पुराना पतकरहरू उडेर वा झरेर कालको बाहुपाशमा बिलाए । धर्तीका विभिन्न तरुहरूले नयाँ-नयाँ पल्लवका वस्त्रहरू फेरे, कमनीय पालुवा सर्वत्र सजिए, पालुवाका साथसाथै बान्की बान्कीका बुट्टाहरू भरेर कैयौं प्रसूनहरू धर्तीको छातीभरि मुस्काए । सबैका अङ्गप्रत्यङ्गलाई फेरि बसन्तको कोमल मादकताले कुतकुत्याएर सबैका मन प्राणमा फेरि एकचोटि रंगरसको रोमाञ्च छायो । हो, सबै तरुहरू फुले । गुलाब मात्रै फुलेन, कोइरालो झन गद्गद् भएर फक्रियो । आँप मात्रै मुजुराएन । तर टाढा-टाढा शैलशिखरका पहरातिर लालीगुराँस झन कसैको प्रतिद्वन्द्वितामा ननिहुरने दृढ सङ्कल्प गरे झैं गरी एक्कासि जुर्मुरायो । बैंस त सबैमा आयो, तर त्यो बैंस कस्तो परिस्थितिमा र कुन उपलब्धिमा झुल्केको हो, बुझ्नुपर्छ । यौवन त सबैमा छायो तर कसको छत्रछायाँमा त्यो यौवन टुसाएको हो, घोरिन सक्नुपर्छ । एक पटक रङ्ग सबैमा चढ्छ रे । रङ्ग चढ्यो भन्दैमा उसका जीवनको सफलता र समयको सार्थकता ठान्नु पनि भूल हुन्छ । कसमा कति चोखो दीप्ति छ र कति स्थायी जीवनशक्ति छ त्यसको पनि मूल्याङ्कन हुनुपर्छ नि ।

हो, केरालाई झैं एक मुस्लो हिमपातले नै ओइलाउनुपर्‍यो भने वा सिमललाई झैं एक झोक्का हुरीमा नै झस्कनुपर्‍यो भने, आँपलाई झैं एक झर असिनाले नै तर्सनुपर्‍यो भने वा सुन्तलालाई झैं वर्षदिनको चुरीफुरी एक छिनमै विसर्जन गर्नुपर्‍यो भने फुलेको वा फलेको के सार ?

अँ, गुराँसले आफ्नो फक्राइमा स्वच्छन्द दीप्ति र चोखो माधुरीको प्रदर्शनी गर्‍यो । साँच्चै नै ऊ स्वावलम्बनको पूर्ण आभास र स्वच्छन्दताको मूर्तरूप नै हो झैं महाकालका हत्केलाबाट धर्तीका युगल कपोललाई लालिमाको जीवन्त उपहार बनी जाज्वल्य ज्योतिमा मुस्कायो ।

हो, मलाई पहरामा फुलेको फूल नै सुन्दर लाग्छ र त्यस्तैमा उसको स्वाभाविक माधुर्य जाग्छ अनि सङ्घर्षमा रमाएको जीवन नै मलाई अत्यन्त आकर्षक लाग्छ ।

हो, वसन्तले यसरी सुस्तरी सुम्सुम्याउँदा सबैका शरीरमा अद्भूत तरङ्ग दौडन्छ, त्यस तरङ्गले एक्कासि उर्लेर मन प्राणलाई स्पर्श गर्दा सबै नै रसवर्षण गर्न हत्पताउँछन् । नयाँ रगत फेर्नलाई सबै चञ्चल बन्छन् । जीवनको सार आदनप्रदान गर्न कसलाई रहर लाग्दैन र ? एक पल्टको चोलामा यौवन पाउन कसलाई अधिकार छैन र ? यही अधिकार गुराँसले पनि पाएको हो । तर अधिकार पाउँदैमा हुन्न, त्यस अधिकारलाई हत्याउने अरू कसैको अधिकार त छैन कतै ?

कृष्णप्रसाद ज्ञवाली, "हाम्रो लालीगुराँस" नेपाली निबन्धका पच्चीस वर्ष (काठमाडौं : ने.रा.प्र.प्र २०३९) पृ.१३६-१३७ ।

www.xtrapapers.com



२.

नास्पाती र आरुबखडाका फूलहरू सँगसँगै
हाम्रो आँगनमा एउटा नयाँ बिहानले पाइला टेकेको छ
निर्माणका सपनाहरूलाई मुटुका पत्रैपत्रमा राखेर
एउटा गृहस्थीले फेरि आफ्नो घरलाई सम्झेको छ
त्यसैले यस घरका प्रत्येक झ्याल-ढोकाहरूमाथि
हामी सुनगाभाको मुटुलाई रोप्न चाहन्छौं
यस घरका प्रत्येक चोकवरिपरि हामी जाही र
चमेलीका सपना भएर बिउँझन चाहन्छौं
हाम्रो अगाडि आज साँच्चै एउटा वसन्त आइरहेछ
दिदीबहिनीहरू हो ! लालीगुराँसका गालामा एउटा
मुस्कान छर, दाजुभाइहरू हो ! आँखाका घडाहरू
भरिभरि स्नेहको पवित्र पानी भर
सायद आज हिउँचुलीका पानसहरूमा
हाम्रो मनको दियो सल्किसक्यो
सायद आज हाम्रा हृदयका कुना-कुनामा उल्लासको
सूर्य पुगिसक्यो, त्यसैले हामी विचारका
अक्षताहरूलाई सद्भावना र सङ्कल्पका जलमा
भिजाएर आएका छौं
आस्थाका फूलहरूलाई मनका ढक्कीमा राखेर आइरहेका छौं
पुजारीले मन्दिरका द्वारहरू खोल्नासाथ
हामी सन्ध्याको लालिमामा आरती जगाई
आफ्नै हृदयका फूलहरूले नवआगन्तुकको अर्चना गर्न चाहन्छौं
हामी हाम्रा आँखाका स्वागतद्वारहरूले
हाम्रै जीवनमा आउने वसन्तको स्वागत गर्न चाहन्छौं

केदार न्यौपाने, "फर्केर आउनेलाई" समसामयिक साझा कविता, दो.सं.,(काठमाडौं : साझा प्रकाशन २०५६) पृ.२३ ।